# लिखु गाउँपालिका शिक्षा ऐन, २०८०

गाउँसभाबाट स्वीकृत : २०८०/११/०३

लिखु गाउँपालिका

# लिखु गाउँपालिका शिक्षा ऐन, २०८०

प्रस्तावनाः

लिखु गाउँपालिकाको माटो सुहाउँदो शिक्षा प्रदान गर्न, विकासको लागि सबै बालबालिका एवं युवाका लागि उच्च गुणस्तरको मानवीय ज्ञान, सीप प्रदान गर्न र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकूल सर्वसाधारण जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम गर्दै लिखु गाउँपालिकामा स्थापना हुने तथा स्थापना भई सञ्चालन भैरहेका विद्यालयहरूको व्यवस्थापनमा सुधार गरी गुणस्तरयुक्त विद्यालय शिक्षाको सुनिश्चितता गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम गाउँ सभाले यो ऐन तर्जुमा गरी जारी गरेको छ ।

१. सङ्क्षिप्त नाम, विस्तार र प्रारम्भः

(क) यस ऐनको नाम "लिखु गाउँपालिका शिक्षा ऐन, २०८०" रहेको छ ।

(ख) यो ऐन लिखु गाउँपालिकाको राजपत्रमा प्रकाशित भएको मितिबाट लिखु गाँउपालिकाभित्र लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः-

(क) "प्रारम्भिक बालशिक्षा" भन्नाले चार वर्ष उमेर पूरा गरेका बालबालिकाहरूलाई दिइने एक वर्षको प्रारम्भिक शिक्षा सम्झनु पर्छ ।

(ख) "आधारभूत विद्यालय" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म शिक्षा दिइने विद्यालय सम्झनु पर्छ ।

(ग) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(घ) "माध्यमिक विद्यालय" भन्नाले खण्ड (ख) र (ग) को परिधिभित्रको शिक्षा दिइने विद्यालय सम्झनु पर्छ ।

(ङ) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक शिक्षा सम्झनु पर्छ ।

(च) "आधारभूत शिक्षा परीक्षा" भन्नाले आधारभूत तह कक्षा ८ को अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ ।

(छ) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले वि.व्य.स. गठन प्रयोजनको लागि विद्यार्थीको बाबु, आमा, बाजे वा बज्यै र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा संरक्षकत्व प्रदान गर्ने व्यक्ति लाई समेत जनाँउछ ।"

(ज) "अनुमति" भन्नाले नेपाल सरकार वा गाउँपालिकाले स्थायी स्वीकृति प्रदान गरिनसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(झ) "स्वीकृति" भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई संघीय सरकार वा पालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(ञ) "आयोग" भन्नाले शिक्षक सेवा आयोगलाई सम्झनुपर्छ ।

(ट) "शिक्षा अधिकृत" भन्नाले गाउँपालिका शिक्षा शाखाको प्रमुख वा प्रमुखको कामकाज गर्न तोकिएको अधिकृत कर्मचारीलाई सम्झनु पर्छ ।

(ठ) "प्राविधिक सहायक" भन्नाले गाउँपालिका शिक्षा शाखाको कामकाज गर्न तोकिएको शिक्षा प्रशासन पाँचौ तहको कर्मचारीलाई सम्झनुपर्छ ।

(ड) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ।

(ढ) "शिक्षा समिति" भन्नाले लिखु गाउँपालिका शिक्षा ऐन, २०८०" बमोजिमको गाउँ शिक्षा समितिलाई सम्झनुपर्छ।

(ण) "शिक्षा शाखा" भन्नाले लिखु गाँउ पालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनु पर्छ ।

(त) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

३. विद्यालयको प्रकारः विद्यालय दुई प्रकारका हुनेछन्ः

(१) सामुदायिक विद्यालय र (२) संस्थागत विद्यालय ।

४. विद्यालय खोल्न अनुमति लिनु पर्नेः

(१) कुनै नेपाली नागरिकहरूको समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत वा संस्थागत विद्यालय खोल्न वा कक्षा थप गर्न चाहेमा तोकिएको विवरण खुलाई वडा कार्यालयको सिफारिस सहित अनुमतिको लागि शैक्षिक सत्र सुरु हुनुभन्दा तीन महिना अगावै शिक्षा शाखामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त कागजातहरूको अध्ययन एवं स्थलगत जाँचबुझ गर्दा तोकिएको पूर्वाधार पूरा भएको देखिएमा शिक्षा अधिकृतले आधारभूत र माध्यमिक विद्यालयको हकमा शैक्षिक सत्र सुरु हुनुभन्दा दुई महिना अगावै आफ्नो रायसहितको प्रतिवेदन शिक्षा समितिको बैठकमा पेस गर्नुपर्नेछ । शिक्षा समितिबाट रायसहित कार्यपालिका मा पेस गर्नेछ | प्रारम्भिक बालशिक्षा केन्द्रको हकमा तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिम कार्यपालिकाको बैठकबाट अनुमति दिने निर्णय भएमा शिक्षा अधिकृतले तोकिएको ढाँचामा अनुमति दिनेछ ।

(४) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दाका शर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

(५) कुनै सामाजिक परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उदेश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको अधिकारीबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(६) सामुदायिक र संस्थागत विद्यालय खोल्न वा कक्षा थप गर्न देहायबमोजिमको रकम शिक्षा शाखाले तोकेको बैंकमा धरौटी जम्मा गर्नुपर्ने छः

(क) सामुदायिकतर्फः

आधारभूत विद्यालयको लागि रू. दुई लाख पचास हजार

माध्यमिक विद्यालयको लागि रू. पाँच लाख

(ख) संस्थागततर्फः

आधारभूत विद्यालयको लागि रू. पाँच लाख

माध्यमिक विद्यालयको लागि रू. दश लाख

(७) दफा (३), (४) ,(५) र (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालय संस्थागत र शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैनः

क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएको विद्यालय,

ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय

ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा सो भवन वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

(८) अनुमति प्राप्त विद्यालयको तीन वर्षको नतिजा सन्तोषजनक देखिएमा मात्र शिक्षा समितिले स्वीकृति प्रदान गर्नेछ ।

(९) अनुमति वा स्वीकृति प्राप्त विद्यालयले शर्त बमोजिम विद्यालय सञ्चालन नगरेमा कार्यपालिकाले जुनसुकै बखत त्यस्तो विद्यालय बन्द गर्न सक्नेछ।

(१०) यो ऐन प्रारम्भ हुनुअघि गाउँपालिकाबाट अनुमति नलिई सञ्चालित विद्यालयहरूले यसै ऐन अनुसार अनुमति तथा स्वीकृति लिनुपर्नेछ।

(११) संस्थागत विद्यालय रजिष्ट्रेशन शुल्क आधारभूत विद्यालयको लागि रू. पचास हजार र माध्यमिक तहको लागि रू. एकलाख, कक्षा थपको लागि रू. दश हजार तथा नवीकरणीय शुल्क तोकिएबमोजिम हुनेछ ।

(१२) संस्थागत विद्यालयको नवीकरण प्रत्येक वर्ष गर्नुपर्नेछ ।

५. विद्यालयको सञ्चालनः विद्यालयको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

६. परीक्षाको परिचालन र नियन्त्रणः आधारभूत तह उत्तीर्ण परीक्षा र माध्यमिक तह उत्तीर्ण परीक्षाको परिचालन र नियन्त्रण तोकिए बमोजिम हुनेछ ।

७. माध्यमिक शिक्षाको प्रकारः माध्यमिक शिक्षाको प्रकार देहाय बमोजिम हुनेछः–

(क)  साधारण माध्यमिक शिक्षा

(ख) संस्कृत माध्यमिक शिक्षा

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा ।

८. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्थाः

(१) गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी कुनै सामुदायिक विद्यालयमा विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

(२) कुनै विद्यालयले विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा वा खुला शिक्षा सञ्चालन गर्न चाहेमा गाउँपालिकाले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी सो विद्यालयलाई त्यस्तो शिक्षा सञ्चालन गर्न तोकिए बमोजिम स्वीकृति प्रदान गर्न सक्नेछ ।

(३) दूर शिक्षा, विशेष शिक्षा र समावेशी शिक्षाको सञ्चालन साधारण शिक्षा सरह हुनेछ ।

(४) यस गाउँपालिका भित्रका निरक्षर व्यक्तिलाई साक्षर बनाउन गाउँपालिकाले विशेष साक्षरता कार्यक्रम सञ्चालन गर्नेछ र त्यसको प्रभावकारी अनुगमन गरिनेछ ।

९. शिक्षाको माध्यमः

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अङ्ग्रेजी भाषा, स्थानीय भाषा वा तिनै भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहायबमोजिम हुन सक्नेछः–

(क) आधारभूत शिक्षा मातृभाषामा दिन सकिनेछ ।

(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ ।

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुन सक्नेछ।

१०. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः

(१) गाउँपालिका क्षेत्रभित्रका विद्यालयले अनिवार्य विषयको नेपाल सरकार तथा ऐच्छिक विषयका गाउँपालिकाले तोकेबमोजिमको पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्नु पर्नेछ।

(२) गाँउपालिकाले निर्माण गरेको स्थानीय पाठयक्रम सबै विद्यालयले अनिवार्य रूपले लागु गर्नुपर्नेछ।

(३) अतिरिक्त पाठ्यपुस्तक प्रयोग गर्न शिक्षा शाखाको अनुमति लिनुपर्नेछ ।

(४) अनुमति बाहेकको पाठ्यपुस्तक प्रयोग गरिएको भेटिएमा कानुन अनुसार कारवाही हुनेछ ।

११. गाँउ शिक्षा समितिः

(१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको रेखदेख, व्यवस्थापन र समन्वय गर्ने कार्यको लागि गाउँपालिकामा देहाय बमोजिमको गाँउ शिक्षा समिति रहनेछः-

(क) गा.पा.अध्यक्ष वा अध्यक्षले तोकेको कार्यपालिका सदस्य - अध्यक्ष

(ख) सामाजिक विकास समितिका संयोजक - सदस्य

(ग) कार्यपालिकाका महिला सदस्यहरूमध्येबाट अध्यक्षले तोकेको एकजना – सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ङ) सामुदायिक विद्यालयका प्रधानाध्यापकहरू मध्येबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी शिक्षा अधिकृतको सिफारिसमा अध्यक्षले तोकेको कम्तीमा एकजना महिलासमेत पर्ने गरी बढीमा २ जना - सदस्य

(च) संस्थागत विद्यालयहरूको प्रतिनिधिमूलक संस्था मध्येबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी शिक्षा अधिकृतको सिफारिसमा अध्यक्षले तोकेको प्रतिनिधि एकजना - सदस्य

(छ) गाउँपालिका भित्रका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूमध्येबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी शिक्षा शाखा प्रमुखको सिफारिसमा अध्यक्षले तोकेको प्रतिनिधि एकजना – सदस्य

(ज) गाउँपालिकाभित्रका शिक्षक अभिभावक संघका अध्यक्षहरूमध्येबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी शिक्षा शाखा प्रमुखको सिफारिसमा अध्यक्षले तोकेको प्रतिनिधि एकजना – सदस्य

(ज) शिक्षक महासंघ गा.पा.स्तरीय समितिका प्रतिनिधि एक+जना – सदस्य

(झ) शिक्षा शाखा प्रमुख - सदस्य सचिव

(२) शिक्षा समितिको बैठक कम्तीमा प्रत्येक महिनामा एक पटक बस्नेछ ।

(३) शिक्षा समितिको बैठक भत्ता र विद्यालय अनुगमन सुविधा कार्यपालिका सरह हुनेछ ।

(४) बैठक सञ्चालनको लागि कम्तीमा पचास प्रतिशत सदस्यको उपस्थिति आवश्यक पर्नेछ भने बैठकको निर्णय बहुमतको आधारमा हुनेछ ।

(५) उपदफा (१) मा जेसुकै लेखिए तापनि एक तिहाइ सदस्यले सदस्य सचिव समक्ष लिखित निवेदन दिएमा, निवेदन दिएको एक हप्ता भित्र बैठक बोलाउनु पर्नेछ ।

१२. शिक्षा समितिको काम, कर्तव्य र अधिकारः यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) शिक्षा शाखाबाट पेश भएको विद्यालय स्वीकृति, अनुमति, कक्षा तथा तह थप, विद्यालय स्थानान्तरण कार्यको स्वीकृति प्रदान गर्ने र शैक्षिक कार्ययोजना माथि छलफल गरी रायसहित कार्यपालिकामा पेश गर्ने,

(ख) स्वच्छ शैक्षिक वातावरण कायम राख्न तथा शिक्षाको गुणस्तर वृद्धि गर्न शिक्षा शाखा मार्फत पेश भएको कार्ययोजना माथि छलफल गरी स्वीकृत गर्ने,

(ग) नेपाल सरकारको स्वीकृत नीति तथा निर्देशन अनुरूप विशेष आवश्यकता भएकाहरूको लागि शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर–शिक्षा, दूर–शिक्षा तथा खुला–शिक्षा कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यक व्यवस्था गर्ने,

(घ) विद्यालयलाई आर्थिक सहायता उपलव्ध गराउने तथा त्यस्तो सहायताको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ङ) शिक्षक, कर्मचारी तथा विद्यार्थी कल्याणको लागि स्वीकृत शिक्षा योजना बमोजिम आवश्यक कार्यक्रम बनाउने,

(च) विद्यालयको सम्पत्तिको सुरक्षा गर्न तथा विद्यालयको समृद्धिको लागि आवश्यक व्यवस्था गर्ने,

(छ) विद्यालयको विकासको लागि सञ्चालित शैक्षिक कार्यक्रमलाई सहयोग गर्ने,

(ज) विद्यालयको लेखापरीक्षण सम्बन्धमा लेखापरीक्षकले दिएको प्रतिवेदन अनुसार आवश्यक कारवाही गर्ने-गराउने,

(झ) विद्यालयलाई आर्थिक रूपमा आत्मनिर्भर गराउन योजना बनाइ कार्य गर्ने,

ञ) विद्यालय समायोजन वा बन्द गर्नु पर्ने भएमा कार्यपालिकामा सिफारिस गर्ने,

(ट) शैक्षिक क्यालेण्डर बनाइ विद्यालय सञ्चालन गर्न शिक्षा शाखामार्फत व्यवस्थापन समितिलाई निर्देशन दिने,

(ठ) पालिका स्तरीय खेलकुद, स्काउट तथा सांस्कृतिक कार्यक्रमको सञ्चालन तथा विकासको लागि आर्थिक स्रोत जुटाउने र प्राप्त रकम खर्च गर्न शिक्षा शाखालाई निर्देशन दिने,

(ड) आवासीय विद्यालयका विद्यार्थीका लागि खाना तथा पौष्टिक आहारको गुणस्तर तोक्ने,

(ढ) गाउँपालिकाबाट स्वीकृत शिक्षा योजना र मापदण्डभित्र रही आवश्यक निर्देशन दिने,

(ण) विद्यालयले कायम गर्नुपर्ने न्यूनतम सरसफाई तथा शौचालयको मापदण्ड तोक्ने,

(त) गाउँपालिका क्षेत्रभित्र विशेष आवश्यकता भएका बालबालिकाको तथ्याङ्क सङ्कलन गरी उनीहरूका लागि उचित विद्यालय व्यवस्थापन गर्न आधार तयार पार्ने र सोही अनुसारको पठनपाठनको व्यवस्था मिलाउने,

(थ) विद्यालयको अनुगमन तथा सुपरीवेक्षण गरी सुधार गराउने,

(द) छात्रवृत्ति कोष सञ्चालन तथा व्यवस्थापन गर्ने गराउने,

(ध) विद्यालय शिक्षाको सुधार तथा विकासका लागि आवश्यक निर्देशिका तथा कार्यविधिहरू बनाई लागू गर्ने गराउने तथा नीति निर्देशन गर्ने,

१३. कार्यपालिकाको काम, कर्तव्य र अधिकारः (१) यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त कार्यपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :-

(क) शिक्षा समितिबाट पेश भएको विद्यालय स्वीकृति, अनुमति, कक्षा तथा तह थप, विद्यालय स्थानान्तरण कार्यको स्वीकृति प्रदान गर्ने |

(ख) शैक्षिक योजना तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यकता अनुसार समिति, उपसमिति वा कार्यदल गठन गर्ने,

(ग) शिक्षक सरुवाको मापदण्ड वनाई शिक्षक विद्यार्थी अनुपात मिलाउने, शैशिक गुणस्तर कायम गर्न आचारसंहिता बनाई लागू गर्ने,

(घ) शिक्षक तथा कर्मचारीहरूको प्रशासन, व्यवस्थापन तथा शैक्षिक विकास सम्बन्धी कार्य योजना स्वीकृत गर्ने र कार्यान्वयन गर्न निर्देशन दिने,

(ङ) शिक्षा कानून बमोजिमका शिक्षा सम्बन्धी व्यवस्थाहरूको कार्यान्वयन गर्न शिक्षा समितिलाई निर्देशन दिने,

(च) समय समयमा गाउँपालिकाभित्रका विद्यालयहरूको अनुगमन तथा मूल्याङ्कन गरी गराइ अपेक्षित गुणस्तर कायम गर्ने,

(छ) विद्यालयमा आर्थिक व्यवस्था पारदर्शी तथा सुनिश्चित गर्न वस्तुगत आधार तथा मापदण्ड बनाई लागू गर्ने, गराउने,

(ज) यस ऐनको परिधिभित्र आवश्यक विषयगत क्षेत्रहरूको मापदण्ड बनाउने,

(झ) अनौपचारिक शिक्षा, वैकल्पिक शिक्षा, विशेष शिक्षा, खुला तथा दूर– शिक्षा सम्बन्धी मापदण्ड बनाई लागू गर्ने, गराउने,

(ट) शिक्षा सम्बन्धी ऐन जारी एवं संशोधन गर्न विधेयक सभामा पेश गर्ने,

(ठ) शैक्षिक गुणस्तर वृद्धि गर्न आवश्यक नीति नियम तर्जुमा गर्ने,

(ड) यस ऐनमा कार्यपालिकाले गर्ने भनी उल्लेख भएका शिक्षा सम्बन्धी कार्य गर्ने ।

१४. वडा समितिको काम कर्तव्य र अधिकारः

वडा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) नयाँ विद्यालय खोल्ने अनुमतिको निवेदनसाथ प्राप्त कागजात र स्थलगत अवस्था जाँचबुझ गरी औचित्यसहित सक्कलै कागजात गाउँपालिकामा सिफारिस गर्ने,

(ख) विद्यालय बन्द गर्न, गाभ्न तथा कक्षा थपका लागि सिफारिस गर्ने,

(ग) अनौपचारिक शिक्षाको कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने,

(घ) वडा क्षेत्रभित्र सञ्चालित विद्यालयको अनुगमन, रेखदेख र समन्वय गरी गुणस्तर वृद्धि गर्न सुझाव र परामर्श दिई सहयोग गर्ने,

(ङ) विद्यालय नक्साङ्कन (स्कुल जोनिङ) को पूर्वाधारसहित विद्यालय भर्ना नभएका बालबालिकाको विवरण अध्यावधिक गर्ने,

(च) गाउँपालिका र शिक्षा समितिबाट निर्देशित तथा प्रत्यायोजित कार्य गर्ने

१५. शिक्षा अधिकृतको काम, कर्तव्य र अधिकारः यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त गा.पा. प्रमुख, शिक्षा समिति तथा प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष मातहतमा रही शिक्षा अधिकृतको वा शिक्षा शाखा प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) शैक्षिक कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,

(ख) शिक्षा सम्बन्धी गाउँपालिकास्तरीय योजना बनाई शिक्षा समितिबाट पारित गराई कार्यान्वयन गर्ने, गराउने,

(ग) गाउँपालिका क्षेत्रभित्रको शैक्षिक गतिविधि, अवस्था एंव प्रगति आदि समेटिएको शिक्षा सम्बन्धी स्थितिपत्र तयार गरी शिक्षा समितिको स्वीकृति पश्चात् प्रत्येक वर्षको चैत्र मसान्तभित्र प्रकाशित गर्ने,

(घ) स्वीकृत अनौपचारिक शिक्षा, विशेष आवश्यकता भएका बालबालिकाका लागि शिक्षा र शिक्षाको लागि खाद्य कार्यक्रम कार्यान्वयन गर्ने गराउने तथा सो सम्बन्धी अभिलेख तयार गर्ने,

(ङ) विद्यार्थी संख्या घट्न गई फाजिलमा परेका सामुदायिक विद्यालयका शिक्षकलाई अर्को समुदायिक विद्यालयमा मिलान गर्न शिक्षा समितिमा सिफारिस गर्ने,

(च) स्वीकृत कार्य योजना अनुसार विद्यालय सञ्चालन भए नभएको सम्बन्धमा नियमित रूपले निरीक्षण र सुपरीवेक्षण गरी त्यसको प्रतिवेदन तयार गर्ने,

(छ) शिक्षाको गुणस्तर बढाउनको लागि शिक्षक, प्रधानाध्यापक तथा व्यवस्थापन समितिका पदाधिकारीहरूको समय समयमा बैठक, गोष्ठी वा तालिमको सञ्चालन गर्ने,

(ज) विद्यालयको कक्षा ५ तथा ८ को परीक्षाको अभिलेख, प्रश्नपत्र र उत्तर पुस्तिका झिकाई जाँच गराउने, विद्यालयमा शिक्षाको गुणस्तर वृद्धि भए नभएको सम्बन्धमा मूल्याङ्कन गरी अभिलेख राख्ने तथा सो सम्बन्धमा सुधारका लागि आवश्यक कार्य गर्ने,

(झ) यस ऐन बमोजिम विद्यालयहरू सञ्चालन भए नभएको जाँचबुझ गर्ने तथा विद्यालयमा शिक्षाको गुणस्तर बढाउन, सुधार गर्न वा विद्यालय बन्द गर्नुपर्ने-नपर्ने सम्बन्धमा निरीक्षण गरी विद्यालयको स्तर बढाउनु, सुधार गर्नु वा विद्यालय बन्द गर्नुपर्ने भएमा तत्सम्बन्धी निर्णय गराइ कारवाही प्रक्रिया अगाडि बढाउने,

(ञ) आधारभूत तथा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको लागि रजिस्ट्रेसन फाराम भरेका विद्यार्थीको नाम, थर, उमेर प्रचलित कानून बमोजिम संशोधन गर्ने,

(ट) नियुक्ति वा बढुवाको लागि आयोगबाट सिफारिस भई आएका शिक्षक वा कर्मचारीलाई विद्यालयमा नियुक्ति गर्ने,

(ठ) सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको सेवा विवरण तथा अन्य अभिलेख अद्यावधिक गर्ने,

(ड) शिक्षक वा कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गरी वा गर्न लगाई त्यसको विवरण आयोगमा पठाउने,

(ढ) विद्यालय र प्रारम्भिक बाल–शिक्षा केन्द्रको निरीक्षण, अनुगमन गर्ने-गराउने,

(ण) सामुदायिक विद्यालयका लागि वितरण गरिएका दरबन्दी शैक्षिक–सत्रको सुरुमा मिलान गर्न शिक्षा समितिमा सिफारिस गर्ने,

(त) विद्यालय निरीक्षणको सूचक बनाई नियमित निरीक्षण गर्ने र निरीक्षण प्रतिवेदन शिक्षा समितिमा पेश गर्ने

(थ) गाउँपालिकाबाट विद्यालयलाई निकासा भएको रकम सदुपयोग भए नभएको अनुगमन गर्ने,

(द) विद्यालयले स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गरे नगरेको सम्बन्धमा निरीक्षण गर्ने, गराउने,

(ध) विद्यालयमा लागू गरिएको पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री सम्बन्धमा सुधार गर्नुपर्ने र निःशुल्क पाठ्यपुस्तकको वितरण प्रणालीलाई प्रभावकारी बनाउने विषयमा व्यवस्थापन समिति तथा शिक्षकको राय लिई सुझाव पठाउने तथा सो सम्बन्धमा अन्य आवश्यक कार्य गर्ने, गराउने,

(न) विद्यालयको लेखापरीक्षक नियुक्ति गर्ने तथा लेखापरीक्षकबाट प्राप्त प्रतिवेदनको आधारमा देखिएका अनियमितता र बेरुजु फछ्र्यौट गर्न लगाउने,

(प) सरकारी तथा गैर सरकारी शैक्षिक परियोजनाहरूको निरीक्षण तथा समन्वय गर्ने,

(फ) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीको तलबी प्रतिवेदन पारित गराउने,

(ब) विद्यालयको वार्षिक शैक्षिक कार्यक्रमको नियमित रूपमा अनुगमन गरी सो अनुसार गर्ने, गराउने

(भ) शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने, गराउने,

(म) सामुदायिक विद्यालयको स्वीकृत रिक्त दरबन्दीमा पदपूर्तिको लागि आयोगमा लेखी पठाउने,

(य) विद्यालयका स्वीकृत दरबन्दी तथा राहत अनुदान कोटामा शिक्षक नियुक्ति तथा सरुवा सम्बन्धमा शिक्षा समितिको निर्णयानुसार कार्य गर्ने, गराउने

(र) कार्यसम्पादनको आधारमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, प्रधानाध्यापक, शिक्षक एवं कर्मचारीहरूलाई पुरस्कार तथा दण्ड दिन शिक्षा समितिको निर्णयानुसार कार्यपालिका समक्ष पेस गर्ने,

(ल) निजी, धार्मिक तथा गुठी विद्यालयको अनुगमन गरी स्वीकृत मापदण्डको पालना गर्न लगाउने र तदनुसार पुरस्कार र दण्डको लागि कार्यपालिका समक्ष सिफारिस गर्ने,

(व) प्रत्येक महिनामा आफ्नो निरीक्षण क्षेत्रभित्रका सबै विद्यालयमा कम्तीमा एक पटक स्थलगत निरीक्षण तथा सुपरीवेक्षण गर्ने र निरीक्षण तथा सुपरीवेक्षण गर्ने क्रममा प्रधानाध्यापक र व्यवस्थापन समितिसँग छलफल गरी छलफल भएको कुरा र निरीक्षण तथा सुपरीवेक्षण सम्बन्धी व्यहोरा विद्यालयको निरीक्षण पुस्तिकामा जनाउने तथा जनाउन लगाउने,

(श) विद्यालयको विकासको लागि व्यवस्थापन समिति तथा सरोकारवालाहरूसँग सम्पर्क तथा आवश्यक सरसल्लाह र अन्तरक्रिया

गर्ने, नमुना शिक्षण गर्ने प्रयोजनको लागि निरीक्षण क्षेत्रभित्रको रोस्टर (समूह) तयार गर्ने र समय–समयमा प्रधानाध्यापकसहित शिक्षकको बैठक बोलाई शिक्षण गर्ने विषयमा देखिएका समस्या समाधानको लागि आवश्यक काम गर्ने र विद्यालयको शैक्षिकस्तर वृद्धि गर्न प्रधानाध्यापक तथा व्यवस्थापन समितिका अध्यक्षहरूको गोष्ठीको संयोजन गर्ने, गराउने,

(ष) विद्यालयका शिक्षक तथा कर्मचारीको बिदाको अभिलेख शैक्षिक सत्रको अन्त्यमा प्रमाणित गर्ने र विद्यालयमा राख्न लगाउने, शिक्षक तथा कर्मचारीको हाजिरी अभिलेख दुरुस्त भए नभएको जाँच वा निरीक्षण गरी बिदा नलिई अनुपस्थित हुने शिक्षक तथा कर्मचारीको हकमा हाजिरी पुस्तिकामा गयल जनाई सोको जनाउ सहित कारवाहीको लागि सम्बन्धित विद्यालय व्यवस्थापन समिति र शिक्षा समितिलाई सिफारिस गर्ने,

(स) सभा, कार्यपालिका, प्रमुख, शिक्षा समिति, प्रमुख प्रकाशकीय अधिकृत, राष्ट्रिय परीक्षा बोर्ड र शिक्षा सम्बन्धित निकायबाट निर्देशित वा प्रत्यायोजित अन्य कार्य गर्ने ।

(ह) शिक्षा ,युवा र खेलकुद सम्बन्धि सबै कार्यहरु गर्ने |

१६. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेः

(१) गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ, विद्यालय शिक्षण सहयोग कार्यक्रम समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ।

(२) प्रत्येक सामुदायिक अध्ययन केन्द्रले आफ्नो क्षेत्रमा समूह निर्माण तथा बचत सङ्कलन सम्बन्धी कार्यक्रम कार्यविधि बनाएर सञ्चालन गर्नु पर्नेछ।

(३) सामुदायिक अध्ययन केन्द्रमा कार्यरत परिचालिकालाई शिक्षा शाखाले आवश्यकतानुसार शिक्षण सिकाइलगायत आवश्यक ठानेको अन्य कार्यमा खटाउन सक्नेछ।

(४) सामुदायिक अध्ययन केन्द्रको नियमित अनुगमन हुनेछ।

(५) सामुदायिक अध्ययन केन्द्रको कार्यालय शिक्षा शाखाले तोकेको विद्यालयमा रहनेछ।

(६) सामुदायिक अध्ययन केन्द्रको परिचालिकाको तलबभत्ता सरकारी विद्यालयका शिक्षकको तलबभत्तासँगै निकासा गरिनेछ ।

(७) सामुदायिक अध्ययन केन्द्रको व्यवस्थापन समिति देहाय बमोजिम हुनेछः

| | | | |
|---|---|---|---|
| (क) | सामुदायिक अध्ययन केन्द्रकाका साधारण सदस्यको भेला वा साधारण सभाबाट छानिएको कम्तीमा एक महिला सहित तीन जना | - | सदस्य |
| (ख) | सम्बन्धित वडाको वडाध्यक्ष वा निजले तोकेको वडा सदस्य | - | सदस्य |
| (ग) | शिक्षा शाखा प्रमुख वा निजले तोकेको व्यक्ति | - | सदस्य |
| (घ) | सामुदायिक अध्ययन केन्द्रको नजिक रहेको माध्यमिक विद्यालयको प्र.अ | - | सदस्य |
| (ङ) | सामुदायिक अध्ययन केन्द्रको परिचालिका | - | सदस्य सचिव |

(८) उपदफा (७) बमोजिमका सदस्यहरू मध्येबाट एक जना संयोजक चयन गरिनेछ।

(९) उपदफा (७) बमोजिमको समितिको पदावधि २ वर्ष हुनेछ।

१७. बजेट तथा अनुदानको व्यवस्थाः

(१) शैक्षिक सुधार तथा विकासको लागि गाउँपालिकाले आफ्नो बजेटको कम्तीमा पन्ध्र प्रतिशत रकम शिक्षामा विनियोजन गर्नुपर्ने छ ।

(२) गाउँपालिकाले सामुदायिक विद्यालयलाई तोकिएको मापदण्डका आधारमा अनुदान दिनेछ । तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्तो विद्यालयलाई दिइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

(३) कार्य सम्पादन को आधारमा अनुदान दिने व्यवस्था गरिनेछ ।

१८. छात्रवृत्तिको व्यवस्था गर्न सक्नेः गाउँपालिकाले सामुदायिक विद्यालयमा भर्ना भएका विद्यार्थीहरूलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

१९. प्रारम्भिक बालविकास केन्द्रलाई अनुदान दिन सक्नेः गाउँपालिकाले गाउँपालिकाको सहयोगमा खोलिएका वा यो ऐन प्रारम्भ हुँदाका बखत संघीय सरकारबाट अनुदान प्राप्त गरी रहेका प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिए बमोजिम अनुदान दिन सक्नेछ ।

२०. प्रारम्भिक बाल शिक्षा सम्बन्धी व्यवस्थाः प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२१. विद्यालय व्यवस्थापन समितिः

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः–

(क) अभिभावकहरूले आफूहरू मध्येबाट छानी पठाएका दुईजना महिलासहित चारजना - सदस्य

(ख) सम्बन्धित वडाका वडा अध्यक्ष वा वडा समितिले तोकेको वडा सदस्य एकजना - सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय शिक्षाविद्-शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर दश वर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई दशलाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेका १जना महिला समेत गरी २ जना - सदस्य

(घ) शिक्षकहरूले आफूहरूमध्येबाट छानी पठाएको शिक्षक प्रतिनिधि एक जना - सदस्य

(ङ) प्रधानाध्यापक - सदस्य सचिव

(२) विद्यालय स्तरीय बालक्लवले मनोनयन गरेको एक छात्र र एकजना छात्रा गरी दुई जना र गाँउपालिका शिक्षा शाखा प्रमुख आमन्त्रित सदस्य हुनेछन ।

(३) विद्यालय व्यवस्थापन समितिका सदस्यहरूले उपदफा १ को खण्ड (क), (ख) वा (ग) बमोजिमका सदस्यहरू मध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

(४) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिको जेष्ठ सदस्यले सो समितिको अध्यक्षता गर्नेछ ।

(५) विद्यालय व्यवस्थापन समितिको कार्यावधि तीन वर्षको हुनेछ।

(६) आधारभूत विद्यालय व्यवस्थापन समिति अध्यक्षको योग्यता कम्तीमा कक्षा १० उत्तीर्ण र माध्यमिक विद्यालयको लागि कक्षा १२ उत्तीर्ण हुनु पर्नेछ।

(७) उपदफा (६) बमोजिमको अभिभावक नभेटिएमा वा व्यवस्थापन समितिमा जान राजी नभएमा अरु अभिभावकबाट छनौट गर्न बाधा पर्ने छैन।

(८) संस्थागत विद्यालयको सञ्चालन रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) विद्यालयका संस्थापक वा लगानीकर्ताहरू मध्येबाट विद्यालयको सिफारिसमा शिक्षा समितिले मनोनित गरेको व्यक्ति - अध्यक्ष

(ख) अभिभावकहरू मध्येवाट एकजना महिला समेत गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरको दुई जना - सदस्य

(ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवीहरू मध्येबाट विद्यालयले सिफारिसमा गाउँपालिकाले मनोनित गरेको एकजना - सदस्य

(घ) शिक्षा अधिकृत वा निजले तोकेको शिक्षा शाखाको कर्मचारी - सदस्य

(ङ) सम्बन्धित विद्यालयका शिक्षकहरूले आफूहरूमध्येबाट छानी पठाएको एकजना - सदस्य

(च) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

२२. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिनेः

(१) व्यवस्थापन समिति विघटन गर्न सक्नेः देहायका अवस्थामा शिक्षा शाखाको सिफारिसमा शिक्षा समितिले व्यवस्थापन समिति विघटन गर्न सक्नेछः–

(क) विद्यालयको सम्पत्ति हिनामिना गरेमा

(ख) विद्यालयको शैक्षिक वातावरण खल्बल्याएमा

(ग) प्रचलित कानून तथा नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिकाको नीति विपरीत काम गरेमा

(घ) विद्यालयको व्यवस्थापन सन्तोषजनक रूपमा सम्पादन गर्न नसकेमा

(ङ) सम्बन्धित निकाय वा अधिकारीले दिएको निर्देशनको पालन नगरेमा ।

(च) काम सन्तोषजनक नभएको आधार सहित विद्यालयमा अध्ययनरत कम्तीमा साठी प्रतिशत विद्यार्थीका अभिभावकहरूले शिक्षा शाखामा निवेदन दिएमा।

(छ) दफा २१ को उपदफा १(क) तथा सोही दफाको उपदफा ८(ख) बमोजिम छानिएका सदस्य अभिभावक नरहेमा अभिभावक नरहेका मितिदेखि नै पदमुक्त भएको मानिनेछ ।

(२) कुनै विद्यालयको विद्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा सोको कारण खुलाई शिक्षा समितिले त्यस्तो विद्यालय व्यवस्थापन समितिलाई तोकिएको प्रकृया पुर्याई विघटन गर्न सक्नेछ ।

तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको गठन गर्ने प्रयोजनका लागि गाउँपालिकाले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समितिमा शिक्षा अधिकृत वा निजले खटाएको कर्मचारीको संयोजकत्वमा सम्बन्धित वडाको वडाध्यक्ष र प्रधानाध्यापक सदस्य सचिव रहेको तीन सदस्यीय हुनेछ ।

(५) उपदफा (४) बमोजिमको समितिको मुख्य काम नयाँ व्यवस्थापन समितिको गठन गर्न सहयोग पुर्याउनु र अतिआवश्यक कार्य गर्नु हुनेछ।

२३. गाउँपालिका शिक्षा विकास कोषः

(१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग गर्न तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नको लागि गाउँपालिका स्तरमा एक "गाउँपालिका शिक्षा विकास कोष" रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्ः–

(क) संघीय सरकार, प्रदेश सरकार वा गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

(ख) संस्थागत विद्यालयबाट प्राप्त त्यस्तो विद्यालयको वार्षिक कूल आम्दानीको तोकिए बमोजिमको रकम,

(ग) चन्दादाताबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) संस्थागत विद्यालयहरूको विकास तथा संरक्षण तोकिएबमोजिम हुनेछ ।

२४. गाउँपालिकाले निर्देशन दिन सक्नेः

(१) गाउँपालिकाले शैक्षिक गुणस्तर वृद्धि गर्न आवश्यकता अनुसार विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

२५. गाउँपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्नेः गाउँपालिकाले सञ्चालन भइरहेका कुनै विद्यालयलाई स्थानान्तरण गर्न वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटै विद्यालय कायम गर्न, विद्यालय समायोजन,कक्षा समायोजन  वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न सक्नेछ ।

२६. विद्यालयको सम्पत्तिः

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा गाउँपालिकाको निर्णय अनुसार उपयोग गर्नेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रूपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने  छैन।

२७. विद्यालय शान्ति क्षेत्र हुनेः

(१) विद्यालयको अध्ययन अध्यापनमा प्रतिकूल असर पर्ने गरी कुनै गतिविधि गर्न पाइने छैन, विद्यालय शान्ति क्षेत्र कायम हुनेछ ।

(२) विद्यालयमा कुनै पनि गैर शिक्षण सिकाइ सम्बन्धी भेला तथा कार्यक्रमहरू गर्नु परेमा व्यवस्थापन समितिको सिफारिस सहित गाउँ शिक्षा समितिबाट अनुमति लिनुपर्नेछ ।

२८. शुल्कसम्बन्धी व्यवस्थाः

(१) संघीय सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शिक्षण शुल्क लिन पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै अभिभावकले आफ्नो इच्छाले सामुदायिक विद्यालयलाई दिएको दान, उपहार, चन्दा वा सहयोग लिन सकिनेछ ।

(३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि गाउँपालिकाले तोकिए बमोजिम आवश्यक व्यवस्था गर्नेछ ।

(४) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(५) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनःसोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(६) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क शिक्षा अधिकृत बाट स्वीकृत गराइ निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिंदा तोकिएको अधिकृतले विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिनेछ ।

(८) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकृतले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ ।

(९) विद्यार्थीको चारित्रिक प्रमाण पत्र,स्थानान्तरण प्रमाण पत्रको शुल्क शिक्षा शाखाले तोकिए बमोजिम हुनेछ।

(१०) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकृतले एकलाख पच्चीस हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

२९. पदबाट हटाइनेः देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई पदबाट हटाइनेछः–

(क) तोकिए बमोजिमका पदीय दायित्व पूरा नगरेमा

(ख) बिना सूचना लगातार १५ दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा

(ङ) विद्यार्थीलाई शारीरिक, मानसिक यातना दिने वा यौनजन्य दुर्व्यवहार गरेको प्रमाणित भएमा

(च) शिक्षक वा कर्मचारी राजनीतिक दलको कुनै पनि कार्यकारिणी समितिको सदस्य रहेका पाइएमा

(छ) शिक्षक वा कर्मचारीले गैर जिम्मेवार ढङ्गले अरूलाई आक्षेप लगाउने गलत तथा भ्रम फैलाउने अभिव्यक्ति सञ्चार माध्यममा दिएमा

(ज) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले संस्थागत विद्यालयमा सञ्चालक भएमा ।

३०. शैक्षिक योग्यताः शिक्षकको लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ।

३१. शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्नेः गाउँपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ |

३२. शिक्षकको नियुक्ति, सरुवा, बढुवा तथा व्यवस्थापन,

(१) सामुदायिक विद्यालयमा संघीय सरकार वा गाउँपालिकाबाट स्वीकृत दरबन्दी अनुसार रिक्त शिक्षक पदको नियुक्ति तथा त्यस्तो पदमा नियुक्त शिक्षकको, सरुवा तथा बढुवा तोकिए बमोजिम हुनेछ ।

(२) गाउँपालिकाले आफ्नै स्रोतबाट तोकिएबमोजिम शिक्षकको नियुक्ति, सरुवा तथा बढुवा गर्न सक्नेछ ।

(३) गाउँपालिका भित्र रिक्त रहेको अस्थायी, करार, राहत, लियन, अनुदान, कर्मचारी, कार्यालय सहयोगी र बालकोटाको शिक्षक नियुक्तिको लागि तोकिए बमोजिमको शिक्षक छनौट समिति रहनेछ । त्यही छनौट समितिले आवश्यक कार्यविधि बनाई शिक्षक नियुक्ति गर्नेछ ।

(४) गाउँपालिका भित्र कार्यरत शिक्षकलाई शिक्षा समितिले आवश्यकताको आधारमा गाउँपालिका भित्रकै अर्को विद्यालयमा काज सरुवा र दरबन्दी मिलान गर्न सक्नेछ ।

(५) गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा दरवन्दीमा कार्यरत सरुवा हुन आवेदन दिने शिक्षकलाई कार्यरत विद्यालयको व्यवस्थापन समिति र सरुवा हुने विद्यालयको व्यवस्थापन समितिको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्ने र विषय मिल्ने गरी तोकिएको अधिकृतले तोकिए बमोजिमको प्रक्रिया अपनाई रिक्त दरबन्दीमा सरुवा गर्न सक्नेछ ।

(६) सरुवा हुन आवेदन दिने दरबन्दीमा कार्यरत शिक्षकलाई गाउँपालिकाभित्र कार्यरत विद्यालयको व्यवस्थापन समितिको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्ने र विषय मिल्ने गरी स्थानीय तहमा सरुवाको लागि तोकिएको अधिकृतले तोकिए बमोजिमको प्रक्रिया अपनाई सहमति दिन सक्नेछ ।

(७) उपदफा (२) मा जुनसुकै लेखिएको भएतापनि शैक्षिक गुणस्तर वृद्धि गर्नका लागि विषयगत र तहगत रूपमा गाउँ शिक्षा समितिले आवश्यकता हेरी शिक्षक सरुवा तथा व्यवस्थापन गर्न सक्नेछ ।

(८) गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको सरुवा गर्नको लागि विद्यालय व्यवस्थापन समितिको निर्णय सहित निबेदन प्राप्त भएमा, त्यसको छानबिन गरि गाउँ शिक्षा समितिबाट सरुवा गर्न सकिनेछ ।

३३. दरबन्दी मिलानः

(१) तोकिएको मापदण्डको आधारमा बढी दरबन्दी भएको गाउँपालिका भित्रको विद्यालयहरूबाट दरबन्दी अपुग भएको गाउँपालिकाभित्रको विद्यालयहरूमा रिक्त दरबन्दी वा शिक्षक सहितको दरबन्दी शिक्षा अधिकृतको सिफारिसमा शिक्षा समितिले सार्न र मिलान गर्न सक्नेछ ।

(२) प्रत्येक वर्षको चैत्रदेखि वैशाख महिनाभित्र दरबन्दी मिलानको कार्य गरिनेछ र आवश्यकताको आधारमा अरु समयमा पनि दरबन्दी मिलान गर्न बाधा पुग्नेछैन।

(३) विद्यालयको तह वा कक्षा घटाउन सकिनेः कुनै विद्यालयको सम्बन्धमा विद्यमान रहेको भएतापनि विद्यालय गाभ्ने आधार औचित्यपूर्ण नदेखिएमा शिक्षा अधिकृतको सिफारिसमा शिक्षा समितिले त्यस्तो विद्यालयको माथिल्लो तह वा कक्षा घटाउन सक्नेछ ।

३४. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्नेः

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्याथी सङ्ख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा सम्बन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्यको संयोजकत्वमा विद्यालयको प्रधानाध्यापक, गाउँपालिका शिक्षा शाखाको प्रमुख र विद्यालय व्यवस्थापन समितिमा रहेको अभिभावकको प्रतिनिधिसमेत सदस्य रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ ।

(३) समितिले छनौटको लागि आधार, शर्त र प्रक्रिया तयार गरी सार्वजनिक समेत गर्नु पर्नेछ ।

३५. शैक्षिक गुणस्तर परीक्षण केन्द्रः

(१) गाउँपालिका भित्रका विद्यालय शिक्षाको गुणस्तर परीक्षण गर्ने काम समेतको लागि एक शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहनेछ र सोको सञ्चालन कार्यविधि गाउँपालिकाले तोकेबमोजिम हुने छ ।

(२) यसले शिक्षाको गुणस्तर मापन सम्बन्धी प्रतिवेदन गाउँसभा समक्ष पेश गर्ने गरी तोक्न सक्नेछ।

(३) विद्यालय शिक्षाको गुणस्तर परीक्षण गर्नको लागि देहाय बमोजिमको गुणस्तर परीक्षण समिति रहनेछः

| | | |
|---|---|---|
| (क) | सामाजिक विकास समितिको संयोजक | - संयोजक |
| (ख) | तोकिएको मापदण्डबमोजिम उत्कृष्ठ नतिजा भएका विद्यालयका शिक्षकहरूमध्ये संस्थागत विद्यालयबाट एकजना र सामुदायिक विद्यालयबाट एक जना गरी समितिले मनोनयन गरेको तीनजना | - सदस्य |
| (ग) | शिक्षा शाखा प्रमुख | - सदस्य सचिव |

(४) उपनियम (३) बमोजिमको समितिको पदावधि तीन वर्षको हुनेछ ।

(५) बैठक सम्बन्धी व्यवस्था सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(६) समितिले सम्बन्धित विषयका विशेषज्ञलाई बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(७) समितिको बैठक तथा अनुगमन भत्ता कार्यपालिका सरह हुनेछ।

३६. पुरस्कार तथा दण्ड सजायः

(१) तोकिएको मापदण्डका आधारमा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यालय, विद्यार्थी, शिक्षक, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघलाई गाउँ शिक्षा समितिबाट तोकिएबमोजिम पुरस्कृत गरिनेछ ।

(२) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकृतले बिगो असुल गरी बिगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

(३) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग गरेमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी एकलाख रूपैयाँसम्म जरिवाना हुनेछः–

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्यगरेमा,

(ग) परीक्षाकेन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षाकेन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरूको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा

३७. प्रगति विवरण बुझाउनु पर्नेः सार्वजनिक र संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण लिखु गाँउपालिका शिक्षा शाखा र सम्बन्धित वडा कार्यालयमा बुझाउनु पर्नेछ ।

३८. प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः

(१) प्रत्येक विद्यालयमा विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रूपमा काम गर्न, स्वीकृत दरबन्दीमा नबढ्ने गरी एक प्रधानाध्यापकको पद रहनेछ ।

(२) आधारभूत तहको कक्षा पाँचसम्मको विद्यालय भए कम्तीमा बाह्र कक्षा वा सो सरह उत्तीर्ण गरेको, आधारभूत तहको अन्य विद्यालय भए कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको र माध्यमिक तहको विद्यालय भए कम्तीमा स्नात्तकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको विद्यालयको स्थायी शिक्षकको रूपमा कम्तीमा पाँच वर्ष शिक्षण अनुभव भएको, संघीय

ऐन तथा सो ऐन अन्तर्गत बनेको नियमावली र गाउँपालिका शिक्षा ऐन अन्तर्गत बनेको शिक्षक तथा प्रधानाध्यापक छनौट समितिको सिफारिस सहित विद्यालय व्यवस्थापन समितिले सिफारिस गरेको व्यक्तिलाई शिक्षा समितिको निर्णय बमोजिम पाँच वर्षको लागि शिक्षा अधिकृतले सामुदायिक विद्यालयको प्रधानाध्यापकको पदमा नियुक्ति गर्नेछ ।

तर यस दफाबमोजिमको शिक्षक सम्बन्धित विद्यालयमा नपाइएमा विद्यालय व्यवस्थापन समितिको सिफारिसमा शिक्षा समितिले निर्णय गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम प्रधानाध्यापकको पदमा नियुक्ति हुनुपूर्व निजले विद्यालय विकासको प्रस्ताव विद्यालय व्यवस्थापन समिति समक्ष पेस गर्नेछ। प्रस्ताव मूल्यांकनको आधारमा शिक्षा अधिकृतसँग पञ्चवर्षीय कार्य सम्पादन करार सम्झौता गर्नु पर्नेछ ।

(४) एउटै सामुदायिक विद्यालयमा लगातार दुई कार्यकाल भन्दा बढी एकै व्यक्ति प्रधानाध्यापक हुन सक्ने छैन । तर तोकिएबमोजिमको उत्कृष्ट कार्य सम्पादन गरेका प्रधानाध्यापकलाई विद्यालय व्यवस्थापन समितिको सिफारिसका आधारमा शिक्षा समितिले निर्णय गर्न बाधा पर्ने छैन ।

(५) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा सामुदायिक विद्यालयको प्रधानाध्यापकलाई शिक्षा शाखाको सिफारिसमा शिक्षा समितिले जुनसुकै बखत हटाउन सक्नेछः

(क) निजको आचरण खराब रहेको प्रमाणित भएमा,

(ख) ऐन तथा यस नियमावली विपरीतको कुनै काम गरेमा,

(ग) निजले कार्यसम्पादन सम्झौता बमोजिम काम गर्न नसकेमा

(६) सामुदायिक विद्यालयको कुनै प्रधानाध्यापकलाई उपनियम (५) बमोजिमको आधारमा पदबाट हटाउनु पर्ने भएमा शिक्षा अधिकृतले त्यस्तो आधार विद्यमान भए नभएको सम्बन्धमा जाँचबुझ गरी गराई प्रतिवेदन लिनेछ र त्यस्तो प्रतिवेदनबाट प्रधानाध्यापकलाई हटाउनु पर्ने

देखिएमा पदबाट हटाउन शिक्षा समिति समक्ष राय सहितको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(७) उपनियम (६) मा जुनसुकै कुरा लेखिएको भएतापनि सो उपनियम बमोजिम प्रधानाध्यापकलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

(८) बहालवाला शिक्षकमध्येबाट छनौट भएको प्रधानाध्यापकलाई उपनियम (५) को खण्ड (क) वा (ख) बमोजिमको आधारमा हटाएको अवस्थामा निजलाई ऐन तथा यस नियमावली बमोजिम विभागीय कारबाही समेत गरिनेछ ।

(९) सामुदायिक विद्यालयको प्रधानाध्यापक बिदामा बसेमा वा कुनै कारणले प्रधानाध्यापकको पद रिक्त भएमा प्रधानाध्यापक उपस्थित नभएसम्म वा प्रधानाध्यापकको पदपूर्ति नभएसम्मका लागि सो विद्यालयमा कार्यरत शिक्षकहरूमध्ये माथिल्लो श्रेणीका वरिष्ठ स्थायी शिक्षकले निमित्त प्रधानाध्यापक भई काम गर्नेछ ।

(१०) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो नियम प्रारम्भ हुँदाको बखत कार्यरत प्रधानाध्यापक उपनियम (२) बमोजिम अर्को प्रधानाध्यापक नियुक्ति नभएसम्म त्यस्तो पदमा कायमै रहन सक्नेछ ।

(११) माथिल्लो तहको स्थायी शिक्षक हुँदाहुँदै तल्लो तहको प्रधानाध्यापक नियुक्ति गरिने छैन ।तर माथिल्लो तहको शिक्षकको लिखित सहमति भएमा बाधा हुनेछैन ।

(१२) प्रधानाध्यापक छनौट सम्बन्धी परीक्षा तथा प्रक्रिया तोकिए बमोजिम हुनेछ।

(१३) प्रधानाध्यापकको काम, कर्तव्य र अधिकारः प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) विद्यालयमा शैक्षिक वातावरण, गुणस्तर र अनुशासन कायम राख्ने,

(ख) विद्यालयका शिक्षक तथा कर्मचारीहरूसँग समन्वय गरी शिक्षक, कर्मचारी, विद्यार्थी र अभिभावकहरू बीच पारस्परिक सहयोगको वातावरण सिर्जना गर्ने,

(ग) विद्यालयमा अनुशासन, सच्चरित्रता, शिष्टता कायम गर्न आवश्यक काम गर्ने,

(घ) शिक्षकहरूसँग परामर्श गरी विद्यालयमा कक्षा सञ्चालन सम्बन्धी कार्यक्रम तयार गर्ने तथा त्यस्तो कार्यक्रम बमोजिम कक्षा सञ्चालन भए नभएको निरीक्षण गर्ने,

(ङ) विद्यालयमा सरसफाई, अतिरिक्त क्रियाकलाप आदिको प्रबन्ध गर्ने, गराउने,

(च) विद्यालयको प्रशासनिक कार्यको सञ्चालन तथा नियन्त्रण गर्ने,

(छ) विद्यालयमा विद्यार्थी भर्ना गर्ने तथा परीक्षा सञ्चालन गराउने,

(ज) विद्यार्थीलाई स्थानान्तरण तथा अन्य प्रमाणपत्र दिने,

(झ) विद्यालयमा भए गरेका महत्त्वपूर्ण काम कारबाहीको अभिलेख राख्ने,

(ञ) कुनै शिक्षक वा कर्मचारीले जानी जानी वा लापरवाही साथ कुनै काम गर्नाले विद्यालयलाई हानि नोक्सानी पर्न गएमा त्यस्तो हानि नोक्सानीको रकम तलबबाट कट्टा गरी असुल गर्ने,

(ट) विद्यालयले आफ्नै स्रोतमा नियुक्त गरेका शिक्षक वा कर्मचारीले पदीय जिम्मेवारी पुरा नगरेमा व्यवस्थापन समितिको सिफारिस बमोजिम अवकाश लगायतका अन्य विभागीय कारबाही गर्ने,

(ठ) शिक्षक र कर्मचारीलाई दिइएको सजायको अभिलेख राख्ने तथा त्यस्तो अभिलेख शिक्षा अधिकृत  तथा निरीक्षकले हेर्न चाहेमा देखाउने,

(ड) शिक्षक तथा कर्मचारीहरूको आचरण र कार्य सम्पादन सम्बन्धी प्रतिवेदन शिक्षा विभाग तथा व्यवस्थापन समितिमा पेश गर्ने,

(ढ) शिक्षक वा कर्मचारीलाई सजाय वा पुरस्कार दिने सम्बन्धमा व्यवस्थापन समिति तथा पालिकामा सिफारिस गर्ने,

(ण) शिक्षा विभाग वा सम्बन्धित निकायबाट स्थायी नियुक्ति एवं पदस्थापन भई आएका शिक्षकलाई हाजिर गराई विषय र तह अनुसारको कक्षा शिक्षणमा खटाउने,

(त) महिनामा कम्तीमा एक पटक शिक्षक तथा कर्मचारीहरूको बैठक बोलाई विद्यालयको प्राज्ञिक, भौतिक र शैक्षिक प्रशासन सम्बन्धी विषयमा छलफल गरी त्यसको अभिलेख राख्ने,

(थ) गाउँपालिकाबाट पूर्व स्वीकृति लिई अति आवश्यक भएका विषयमा विद्यालय व्यवस्थापन समितिको निर्णय गराई विद्यालयको स्रोतबाट तलब भत्ता खाने गरी शिक्षकको पद कायम गरी सो अनुसार पद स्वीकृति भएका विषयका शिक्षकको तोकिएको नियमावलीमा व्यवस्था भए बमोजिमको प्रक्रिया अपनाई पदपूर्ति गरी करारमा नियुक्त गर्ने र यसरी नियुक्ति भएका शिक्षक तथा कर्मचारीहरूको तलब सम्बन्धी प्रतिवेदन पारित गर्न व्यवस्थापन समितिमा पेश गर्ने,

(द) विद्यालय भवन तथा छात्रावासको हाताभित्र कुनै किसिमको अभद्र व्यवहार हुन नदिने,

(ध) विद्यालयको प्रभावकारी सञ्चालनको लागि वार्षिक योजना बनाई व्यवस्थापन समितिबाट पारित गरी कार्यान्वयन गर्ने, गराउने,

(न) विद्यालयमा अध्ययन, अध्यापन सम्बन्धी मासिक, अर्ध– वार्षिक तथा वार्षिक कार्यक्रम बनाई कार्यान्वयन गर्ने, गराउने,

(प) शिक्षक वा कर्मचारीलाई तालिममा पठाउन व्यवस्थापन समितिबाट अनुमोदन गराई पालिकामा पठाउने,

(फ) विद्यालयमा नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गर्ने,

(ब) व्यवस्थापन समितिले दिएको निर्देशन तथा आफूले पाएको अधिकार बमोजिम रकम खर्च गर्ने र आय– व्ययको हिसाब राख्ने तथा राख्न लगाउने,

(भ) विद्यालयमा सञ्चालन हुने आवधिक परीक्षा नियमित तथा मर्यादित ढङ्गबाट सञ्चालन गर्ने, गराउने,

(म) कुनै शिक्षकले अध्यापन गरेको विषयमा लगातार तीन वर्षसम्म पन्ध्र प्रतिशत भन्दा बढी विद्यार्थी असफल भएमा वा कुनै शिक्षकले लापरवाही वा अनुशासनहीन काम गरेमा त्यस्तो शिक्षकको दुई वर्षसम्म तलब वृद्धि रोक्का गर्ने, अस्थायी शिक्षक भएमा एक तह घटुवा गर्ने

(य) विद्यालयमा नियम बमोजिमको कक्षा लिने तथा शिक्षकलाई लिन लगाउने,

(र) स्वीकृत दरबन्दीमा कार्यरत शिक्षक तथा कर्मचारीको तलबी प्रतिवेदन पारित गर्न गाउँपालिकामा पठाउने,

(ल) विद्यालयका शिक्षक तथा कर्मचारीहरूको काम, कर्तव्य तोक्ने,

(व) शिक्षा शाखा तथा व्यवस्थापन समितिले दिएका निर्देशन पालन गर्ने, गराउने,

(श) विद्यालयको शैक्षिक प्रगति सम्बन्धी विवरण तथा तथ्याङ्क निर्धारित ढाँचा र समयभित्र विद्यालय निरीक्षकद्वारा प्रमाणित गराई पालिकामा पठाउने,

(ष) विद्यालयको आफ्नो स्रोतबाट खर्च बेहोर्ने गरी नियुक्त भएका शिक्षकहरूको कार्य सम्पादन मूल्याङ्कन फाराम भरी व्यवस्थापन समितिमा पेश गर्ने,

(स) विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको सम्पत्ति विवरण फाराम निर्धारित समयमा भर्न लगाई शिक्षक किताबखानामा पठाउने,

(ह) विद्यालयका शिक्षक तथा कर्मचारीबाट कट्टी गरेको कर्मचारी सञ्चयकोष, नागरिक लगानी कोष, बीमा, सामाजिक सुरक्षा कोषको रकम सम्बन्धित निकायमा पठाउन लगाउने,

(क्ष) व्यवस्थापन समितिबाट स्वीकृत खरिद योजना अनुसार प्रचलित खरिद सम्बन्धी नियमावली बमोजिम मालसामान तथा सेवा खरिद गर्ने,

(त्र) प्रधानाध्यापक गाउँपालिका, अभिभावक एवं विद्यार्थीप्रति जिम्मेवार हुने,

ज्ञ) शिक्षकहरूको कार्यसम्पादन करार गरी काममा लगाउने साथै विद्यालयको, शिक्षक तथा विद्यार्थीहरुको विवरण अनलाइनबाट अद्यावधिक गर्नुपर्ने,

३९. शिक्षक अभिभावक संघ गठन गर्नुपर्नेः

(१) प्रत्येक विद्यालयका शिक्षक र अभिभावकहरू सदस्य रहेको एक शिक्षक अभिभावक संघ रहनेछ।

(२) व्यवस्थापन समितिले अभिभावकहरूको भेला गराई सो समितिको अध्यक्ष, प्रधानाध्यापक तथा कम्तीमा एक जना शिक्षक र अभिभावकहरू समेत रहने गरी बढीमा एघार सदस्यीय शिक्षक– अभिभावक संघको कार्यकारी समिति गठन गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम गठित कार्यकारी समितिका सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(४) उपदफा (२) बमोजिमको कार्यकारी समितिको बैठक तीन महिनामा कम्तीमा एकपटक बस्नेछ र सो समितिको बैठक सम्बन्धी अन्य नियमावली कार्यकारी समिति आफँैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) उपदफा (२) बमोजिमको कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विद्यालयमा शिक्षाको गुणस्तर कायम गर्नको लागि आवश्यक काम गर्ने,

(ख) शिक्षा नियमावली बमोजिम विद्यालयले शुल्क निर्धारण गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने तथा सो सम्बन्धमा विद्यालयलाई आवश्यक सुझाव दिने,

(ग) विद्यालयको शैक्षिक गतिविधिबारे नियमित जानकारी राख्ने तथा सो सम्बन्धमा शिक्षक, विद्यार्थी र अभिभावक बीच नियमित अन्तरक्रिया गर्ने ।

(६) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थागत विद्यालयको व्यवस्थापन समितिले यस नियम बमोजिम शिक्षक अभिभावक संघको कार्यकारी समिति गठन गर्दा सात सदस्यमा नघटाई गर्नु पर्नेछ ।

४०. परीक्षा सञ्चालन तथा समन्वय समितिको व्यवस्थाः

(१) आधारभूत शिक्षा उत्तीर्ण परीक्षाको सञ्चालन र व्यवस्थापन गर्नको लागि देहायबमोजिमको आधारभूत शिक्षा उत्तीर्ण परीक्षा समिति रहनेछः

(क) प्रमुख प्रशासकीय अधिकृत – संयोजक

(ख) सामुदायिक माध्यमिक/विद्यालयका प्रधानाध्यापकहरू मध्ये शिक्षा समितिले मनोनित गरेको दुई जना – सदस्य

(ग) संस्थागत माध्यमिक/विद्यालयका प्रधानाध्यापकहरू मध्ये शिक्षा समितिले मनोनित गरेको एक जना – सदस्य

(घ) शिक्षा शाखा प्रमुख – सदस्य– सचिव

(३) उपनियम (२) बमोजिमको परीक्षा समितिको पदावधि तीन वर्षको हुनेछ।

(४) परीक्षा सञ्चालन तथा समन्वय समितिको बैठक सम्बन्धी व्यवस्था सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) परीक्षा समितिले सम्बन्धित विषयका विशेषज्ञलाई परीक्षा समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(५) परीक्षा समितिको बैठक भत्ता कार्यपालिका वा शिक्षा समितिको बैठक सरह हुनेछ।

(७) आधारभूत शिक्षा उत्तीर्ण परीक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) परीक्षा सञ्चालन सम्बन्धमा मापदण्ड तथा शर्तहरू निर्धारण गर्ने,

ख) परीक्षा केन्द्र तोक्ने, परीक्षा सञ्चालन गर्ने

ग) परीक्षाफल प्रकाशन गराउने तथा उत्तीर्ण परीक्षार्थीलाई प्रमाणपत्र दिने,

घ) परीक्षा शुल्क तथा परीक्षा सम्बन्धी काममा संलग्न व्यक्तिको पारिश्रमिक निर्धारण गर्ने,

ङ) कुनै परीक्षा केन्द्रमा अनियमितता भएमा आवश्यकता अनुसार परीक्षा बदर गरी पुनः परीक्षा गराउने वा त्यस्तो परीक्षा केन्द्र बन्द गर्ने,

च) कुनै कारणबाट निर्धारित समयमा परीक्षा सञ्चालन गर्न वा परीक्षाफल प्रकाशन गर्न बाधा परेमा तुरुन्त आवश्यक निर्णय लिने,

छ) परीक्षा समितिले आवश्यकतानुसार सदस्य सचिवलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

४१. विद्यालय बिदा सम्बन्धमाः

(१) नेपाल सरकारले तोकेको सार्वजनिक बिदासँग तादात्म्य हुने गरी शिक्षा अधिकृतको सिफारिसमा शिक्षा समितिले विद्यालयमा सार्वजनिक बिदा निर्धारण गर्न सक्नेछ ।

(२) शिक्षा शाखाको निर्देशनमा एक शैक्षिक सत्रमा हिउँदे बिदा वा वर्षे बिदा वा दुवै गरी बढीमा चालीस दिन विद्यालय बिदा दिन सक्नेछ।

(३) व्यवस्थापन समितिले एक शैक्षिक सत्रमा थप पाँच दिनसम्म गाउँ पालिकाको स्वीकृति लिई विद्यालयमा बिदा गर्न सक्नेछ ।

(४) यस दफामा लेखिएदेखि बाहेक अन्य दिन विद्यालय बन्द गरेमा प्रधानाध्यापकलाई विभागीय कारबाही गरिनेछ ।

४२. अतिरिक्त क्रियाकलाप सम्बन्धी व्यवस्थाः

(१) विद्यालयहरूले शिक्षा समितिले निर्धारण गरेको मापदण्ड तथा स्थानीय शैक्षिक कार्यपात्रोबमोजिम अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नुपर्नेछ ।

(२) शिक्षा समितिले वार्षिक कार्यक्रममा समावेश गरी अन्तर–विद्यालय प्रतिस्पर्धात्मक अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नु पर्नेछ ।

(३) अन्तर–विद्यालय प्रतिस्पर्धात्मक अतिरिक्त क्रियाकलाप सञ्चालन सम्बन्धी थप व्यवस्था शिक्षा समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) विद्यालयले उपनियम (१) र (२) बमोजिम अतिरिक्त क्रियाकलाप सञ्चालन गर्दा देहाय बमोजिमका प्रतियोगितामा विद्यार्थीहरूलाई भाग लिन लगाउनु पर्नेछः

(क) चित्रकला, मूर्तिकला र हस्तकला प्रतियोगिता,

(ख) वाद्यबादन तथा संगीत प्रतियोगिता,

(ग) नृत्य प्रतियोगिता ,

(घ) नाटक प्रतियोगिता,

(ङ) वक्तृत्व कला प्रतियोगिता,

(च) हाजिरीजबाफ प्रतियोगिता,

(छ) हिज्जे प्रतियोगिता,

(ज) खेलकुद प्रतियोगिता,

(झ) साहित्यिक गतिविधि, कथा, कविता र निबन्ध प्रतियोगिता,

(ञ) फूलबारी र कृषि सम्बन्धी प्रतियोगिता,

(ट) सृजनात्मक एवं अन्वेषणात्मक खालका प्रतियोगिता,

(ट) अन्य प्रतियोगिता विद्यालयले प्रत्येक शुक्रबारको दैनिक पठनपाठनको कार्य समाप्त भएपछि विद्यार्थीलाई अतिरिक्त क्रियाकलापको कार्यक्रममा सहभागी गराउनु पर्नेछ ।

४३. बिदा तथा काज सम्बन्धी व्यवस्थाः

(१) शिक्षक तथा कर्मचारीले देहाय बमोजिमका बिदाहरू पाउनेछः

(क) भैपरी आउने बिदा वर्षभरिमा छ दिन,

(ख) पर्व बिदा वर्षभरिमा छ दिन,

(ग) बिरामी बिदा वर्षभरिमा बाह्र दिन,

(घ) प्रसुति बिदा प्रसुतिको अघि वा पछि गरी अन्ठान्नब्बे दिन,

(ङ) प्रसति स्याहार बिदा पन्ध्र दिन,

(च) किरिया बिदा पन्ध्र दिन,

(छ) असाधारण बिदा एक पटकमा एक वर्षमा नबढाई नोकरीको जम्मा अवधिमा बढीमा तीन वर्ष,

(ज) अध्ययन बिदा शिक्षकको नोकरीको तमाम अवधिमा एकै पटक वा पटक पटक गरी बढीमा तीन वर्ष,

(झ) बेतलबी बिदा बढीमा पाँच वर्ष ।

(२) भैपरी आउने बिदा र पर्व बिदा आधा दिन पनि लिन सकिनेछ । यस्तो बिदा सञ्चित हुने छैन।

(३) शिक्षक तथा कर्मचारीले बिरामी बिदा सञ्चित गर्न सक्नेछ । शिक्षक तथा कर्मचारीले प्रत्येक वर्ष त्यस्तो बिदा विद्यालय निरीक्षक वा शिक्षा अधिकृत बाट प्रमाणित गराई राख्नु पर्नेछ ।

(४) कुनै पुरुष शिक्षक वा कर्मचारीको पत्नी प्रसुति हुने भएमा त्यस्तो शिक्षक वा कर्मचारीले प्रसुतिको अघि वा पछि गरी पन्ध्र दिन प्रसुति स्याहार बिदा पाउनेछ । प्रसुति स्याहार बिदा बसेको शिक्षक वा कर्मचारीले पूरा तलब पाउनेछ र यस्तो बिदा सेवा अवधि भरमा दुई पटकमात्र लिन पाइनेछ ।

४४. बिदा दिने अधिकारीः (१) प्रधानाध्यापकको बिदा व्यवस्थापन समितिको अध्यक्षले र शिक्षक वा कर्मचारीको बिदा प्रधानाध्यापकले स्वीकृत गर्नेछ । तर, एक पटकमा तीन दिनमा नबढाई पर्व वा भैपरी आउने बिदा प्रधानाध्यापक आफैले लिन सक्नेछ । सो भन्दा बढी पर्व वा भैपरी आउने बिदा लिनु परेमा प्रधानाध्यापकले व्यवस्थापन समितिको अध्यक्षलाई जानकारी गराउनुपर्नेछ । (२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि शिक्षक वा कर्मचारीको असाधारण बिदा, बेतलवी बिदा र अध्ययन बिदा व्यवस्थापन समितिको सिफारिसमा कार्यपालिकाले स्वीकृत गर्नेछ ।

४५. बिदा नलिएको दिन सेवा अवधिमा गणना नहुनेः शिक्षक वा कर्मचारीले बिदा नलिई विद्यालयमा अनुपस्थित भएको दिन निजको सेवा अवधिमा गणना हुने छैन।

४६. बिदा सहुलियत मात्र हुनेः बिदा अधिकारको कुरा नभएर सहुलियत मात्र हुनेछ।

४७. काज तथा दैनिक भ्रमण भत्ताः (१) विद्यालय वा अध्यापन सम्बन्धी कामको लागि शिक्षा शाखाको आदेशानुसार कुनै सभा, सम्मेलन वा सेमिनारमा खटिने शिक्षक वा कर्मचारीलाई सोही आदेशमा तोकेको अवधिसम्मको लागि काज खटाउन सक्नेछ । (२) विद्यालयको कामको लागि शिक्षक वा कर्मचारीले प्रधानाध्यापकको र प्रधानाध्यापकले व्यवस्थापन समितिको अध्यक्षलाई जानकारी गराई बढीमा एक हप्तासम्म काजमा जान सक्नेछ ।

४८. शिक्षक तथा कर्मचारीको सेवा सुविधाः (१) शिक्षक तथा कर्मचारीको तलब भत्ता, निवृत्तभरण, उपदान लगायतका अन्य सुविधा खाईपाई आएकोमा नघट्ने गरी संघीय शिक्षा कानूनमा तोकिए बमोजिम हुनेछ ।

४९. राष्ट्रिय गान गाउँनुपर्नेः (१)विद्यालय खुलेको प्रत्येक दिनको प्रारम्भमा बिहानी सभा सञ्चालन गर्नुपर्ने, त्यस बिहानी सभा र विभिन्न समारोहमा राष्ट्रिय गान गाउनु पर्नेछ। (२) बिहानी सभा एवं विद्यालयका औपचारिक कार्यक्रममा राष्ट्रिय गानका अतिरिक्ता पालिका गान पनि गाउन लगाउन सकिनेछ ।

५०. झण्डोत्तोलन गर्नुपर्नेः विद्यालयमा मनाइने प्रत्येक समारोहको प्रारम्भमा राष्ट्रिय झण्डोत्तोलन गर्नु पर्नेछ।

५१. विद्यार्थीको पोसाकः

(१) विद्यालयले विद्यार्थीको लागि एकै किसिमको, कम खर्चिलो, साधारण, राष्ट्रियता झल्काउने र हावापानी सुहाउँदो पोसाक तोक्न सक्नेछ ।

(२) विद्यालयले पोसाक खरिद गर्ने स्थान वा पसल तोक्न पाउने छैन ।

(३) सामुदायिक र सस्थागत विद्यालयका विद्यार्थीहरूको पोशाक गाँउपालिकाले एकै प्रकारको हुने गरि तोक्न सक्नेछ।

(४) बुधबारको दिन स्थानीय तहले तोकेबमोजिमको मौलिकता झल्काउने पोशाक लगाउन सकिनेछ ।

५२. विद्यालयलाई अनुदान दिनेः

(१) सामुदायिक विद्यालयलाई नेपाल सरकार वा प्रदेश सरकार वा गाउँपालिकाबाट विद्यालयको लागि प्राप्त रकम कार्यपालिकाले वार्षिक कार्यक्रममा स्वीकृत गराई विद्यालय सञ्चित कोषमा पठाउनेछ ।

(२) विद्यालयबाट प्राप्त बजेट समेतलाई अध्ययन गरी विद्यालयलाई देहायका आधारमा अनुदान बाँडफाँट गर्नेछः

(क) विद्यालयको विद्यार्थी सङ्ख्या,

(ख) विद्यालयको शिक्षक सङ्ख्या,

(ग) विद्यालयको परीक्षाको परिणाम,

(घ) विद्यालयको आर्थिक अवस्था,

(ङ) विद्यालयले पूरा गर्नुपर्ने न्यूनतम पूर्वाधारहरू ।

५३. विद्यालयको बजेट, आय व्ययको लेखा तथा अन्य व्यवस्थाः

(१) प्रत्येक विद्यालयमा विद्यालयको सम्पूर्ण आम्दानीहरू जम्मा गर्ने गरी एक विद्यालय सञ्चालन सञ्चित कोष रहनेछ ।

(२) विद्यालयले सञ्चित कोषमा जम्मा भएको रकम व्यवस्थापन समितिको निर्णय बमोजिम खर्च गर्नु पर्नेछ ।

(३) विद्यालय कोषको सञ्चालन व्यवस्थापन समितिको अध्यक्ष वा सोही समितिले तोकेको व्यवस्थापन समितिको सदस्य र प्रधानाध्यापकको संयुक्त दस्तखतबाट हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि माध्यमिक विद्यालय कोषको सञ्चालन प्रधानाध्यापक र लेखासम्बन्धी काम गर्ने शिक्षक वा कर्मचारीको संयुक्त दस्तखतबाट गरिनेछ।

(५) विद्यालय कोषको हिसाब– किताब लेखा राख्ने, बेरुजु फर्छ्यौट गर्ने काम प्रधानाध्यापक र लेखा सम्बन्धी काम गर्ने कर्मचारीको हुनेछ।

(६) विद्यालयको कार्य सञ्चालनको लागि विद्यालय कोषको रकम गाउँपालिकाले तोकिदिएको नजिकैको कुनै बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(७) विद्यालयको सम्पूर्ण खर्च विद्यालय कोषमा जम्मा भएको रकमबाट व्यहोरिनेछ ।

५४. बजेट तयार गर्नेः (१) दफा ५४ मा जुन सुकै कुरा लेखिएको भएतापनि प्रधानाध्यापकले प्रत्येक वर्ष आगामी वर्षको बजेट तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गराई त्यसको एक प्रति शिक्षा शाखामा समयमा पठाउनु पर्नेछ ।

५५. विद्यालयको आय व्ययको लेखाः

(१) विद्यालयको आय व्ययको लेखा तोकिए बमोजिमको ढाँचामा राख्नु पर्नेछ ।

(२) विद्यालयको आय व्ययको लेखा, बिल, भरपाई लगायत आवश्यक कागजात राख्ने काम विद्यालयको लेखा सम्बन्धी काम गर्ने शिक्षक वा कर्मचारीको हुनेछ ।

(३) उपदफा (२) बमोजिम कागज प्रमाणित गराई राख्ने, राख्न लगाउने जिम्मेवारी प्रधानाध्यापकको हुनेछ ।

(४) उपदफा (१) बमोजिमको आय व्ययको लेखा राख्दा विद्यालयको काम कारबाहीको वास्तविक स्थिति थाहा हुने गरी मालसामानहरूको खरिद बिक्री र विद्यालयको नगदी, जिन्सी, जायजेथा दायित्व आदिको विस्तृत विवरण स्पष्ट रूपले खोलेको हुनु पर्नेछ ।

(५) विद्यालयको नगदी, जिन्सी, जायजेथामा कुनै किसिमको हिनामिना, हानी–नोक्सानी वा लापरबाही हुन नपाउने गरी सुरक्षित राख्ने र सोको लगत राख्ने तथा राख्न लगाउने दायित्व प्रधानाध्यापकको हुनेछ ।

(६) प्रधानाध्यापक र लेखा सम्बन्धी काम गर्न जिम्मवारी तोकिएको शिक्षक वा कर्मचारीले विद्यालयको आय व्ययको प्रतिवेदन पालिकाले तोकेको अवधिभित्र मासिक वा त्रैमासिक रूपमा सो शिक्षा शाखामा पठाउनु पर्नेछ।

५६. लेखापरीक्षण गराउनेः

(१) व्यवस्थापन समितिको अध्यक्ष र प्रधानाध्यापकले प्रत्येक वर्ष गाउँपालिकाबाट नियुक्त लेखापरीक्षकबाट विद्यालयको लेखापरीक्षण गराउनु पर्नेछ।

(२) लेखा परिक्षणको सिलसिलामा प्रधानाध्यापकले विद्यालयको आय-व्ययको बही खाता लेखापरीक्षकले मागेको बखत जाँच्न दिनुपर्नेछ र निजले कैफियत गरेको कुराको यथार्थ जबाफ समेत सरोकारवालालाई दिनु पर्नेछ ।

(३) विद्यालयको आय–व्ययको आन्तरिक लेखापरीक्षण गाउँपालिकाबाट खटाइएको कर्मचारीले जुनसुकै बखत जाँचबुझ गर्न सक्नेछ । यसरी जाँचबुझ गर्दा खटी आएको कर्मचारीले माग गरेको विवरण देखाउनु प्रधानाध्यापक, लेखाको जिम्मेवारी प्राप्त शिक्षक वा कर्मचारीको कर्तव्य हुनेछ । यस नियम बमोजिम लेखापरीक्षकले विद्यालयको लेखापरीक्षणगर्ने सिलसिलामा अन्य कुराका अतिरिक्त विद्यालयको आम्दानी र खर्चका बारेमा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूसँग छलफल गरी आफ्नो प्रतिवेदन तयार गर्नु पर्नेछ।

५७. प्रतिवेदन पेश गर्नुपर्नेः

लेखापरीक्षकले विद्यालयको लेखापरीक्षण गरी सकेपछि देहायका कुराहरू खुलाई सो सम्बन्धी प्रतिवेदन तयार गरी व्यवस्थापन समिति र विभागमा एक–एक प्रति पठाउनु पर्नेछ ।

५८. विद्यालयको कामको सामाजिक परीक्षण गर्नेः सामुदायिक विद्यालयले आफ्नो कामको सामाजिक परीक्षण गर्नु पर्नेछ । सामाजिक परीक्षण सम्बन्धी व्यवस्था तोके बमोजिम हुनेछ ।

५९. बरबुझारथ गर्नेः

(१) विद्यालयको नगदी, जिन्सी मालसामानको लगत, स्रेस्ता राख्ने जिम्मा लिएको शिक्षक वा कर्मचारी सरुवा वा अन्य कारणबाट विद्यालय छोडी

जाने भएमा आफ्नो जिम्मा रहेको नगदी, जिन्सी मालसामानको बरबुझारथ सामान्यतया २१ दिनभित्र विद्यालयमा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बरबुझारथ नगर्ने शिक्षक तथा कर्मचारीलाई बरबुझारथ नगरेसम्म सरुवा भएको विद्यालयमा जान रमाना पत्र दिइने छैन । साथै निजले कुनै रकम वा मालसमान हिनामिना गरेको रहेछ भने सो बापतको रकम निजले पाउने जुनसुकै रकमबाट असूल उपर वा सोधभर्ना गरिनेछ ।

६०. सम्बन्धित काममा खर्च गर्नुपर्नेः (१)विद्यालयलाई प्राप्त रकम जुन शीर्षकमा प्राप्त भएको हो सोही शीर्षकमा मा मात्र खर्च गर्नु पर्नेछ। खर्च हुन नसकेको रकमको बारेमा शिक्षा शाखालाई जानकारी गराउनु पर्नेछ । (२) आफ्नो क्षेत्रभित्रका विद्यालयहरूले प्रदान गरेका प्रमाण पत्रहरूको अभिलेखका आधारमा सत्यापन गर्ने कार्य गर्नु सम्बन्धित शिक्षा अधिकृतको कर्तव्य हुनेछ ।

६१. विद्यालयको विनियमः

(१) प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको लक्ष्य, मूल्य मान्यता, सञ्चालन पक्रिया लगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेश गरिएको विनियम अभिभावक सभाबाट पारित गराई लागु गर्नु पर्नेछ।

(२) अभिभावक सभाले विनियम आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

(३) विनियम अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापक लगायत सम्पूर्ण विद्यालय परिवारको कर्तव्य हुनेछ।

(४) अध्यावधिक विनियमको प्रतिलिपि पारित भएको मितिबाट ७ दिनभित्र व्यवस्थापन समितिले शिक्षा शाखामा पेश गर्नु पर्नेछ ।

(५) विद्यालयको विनियम सार्वजनिक दस्तावेज हुनेछ र सो सरोकारवाला जो कोहीले हेर्न पाउनेछ ।

(६) नयाँ विद्यार्थी भर्ना गर्दा जन्मदर्ता अनिवार्य गर्नुपर्ने

६२. अनुगमन तथा निरीक्षणलाई सूचकमा आधारित बनाइनेः

(१) शिक्षा शाखाबाट निरन्तर विद्यालयको अनुगमन गरिनेछ।

(२) विद्यालय निरीक्षणको सूचक बनाई नियमित निरीक्षण र निरीक्षणको प्रतिवेदन शिक्षा समितिमा पेश गरिनेछ।

(३) शिक्षा शाखा प्रमुख वा तोकेको व्यक्तिले प्रत्येक महिनामा आफ्नो निरीक्षण क्षेत्रभित्रका सबै विद्यालयमा कम्तीमा एक पटक स्थलगत निरीक्षण तथा सुपरीवेक्षण गर्ने र निरीक्षण तथा सुपरीवेक्षण गर्ने क्रममा प्रधानाध्यापक र व्यवस्थापन समितिसँग छलफल गरी छलफल भएको कुरा र निरीक्षण तथा सुपरीवेक्षण सम्बन्धी व्यहोरा विद्यालयको निरीक्षण पुस्तिकामा जनाउने तथा जनाउन लगाइने छ ।

(४) शिक्षा शाखाबाट विद्यालय निरिक्षण व्यवस्थित तथा सूचकमा आधारित बनाउनु पर्नेछ ।

(५) अनुगमन तथा सुपरीवेक्षणको सुविधा कार्यपालिका सरह हुनेछ |

६३. बजेट विनियोजन गर्नेः लिखु गाउँकार्यपालिकाले आन्तरिक स्रोतको कम्तीमा पन्ध्र प्रतिशत बजेट शिक्षामा बिनियोजन गर्नुपर्ने छ ।

६५. पुस्तकालय खोल्ने सम्बन्धमा :

(१) यस गाउँपालिका भित्र सार्वजनिक पुस्तकालय स्थापना तथा संचालन गर्न इच्छुक व्यक्ति वा संस्थाले वडा कार्यालयको सिफारिस सहित निवेदन दिनुपर्ने छ |

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन अनुसार शिक्षा शाखाबाट प्रस्तावित पुस्तकालयको पूर्वाधार प्रयाप्त भए नभएको अनुगमन गरिनेछ |

(३) शिक्षा शाखाले उपदफा आफ्नो रायसहितको उपदफा (२)को अनुगमन प्रतिवेदन शिक्षा समितिमा पेस गर्ने छ |

(४) शिक्षा समितिले पुस्तकालय स्थापना गर्न अनुमति दिनेछ |

(५) उपदफा (४) को निर्णया अनुसार पुस्तकालय स्थापनाको अनुमति शिक्षा शाखाले दिनेछ |

(६) विधानमा तोकिएका र शिक्षा शाखाले तोकेका कार्यहरु नगरेमा शिक्षा शाखाको सिफारिसमा गाउँ शिक्षा समितिले त्यस्तो पुस्तकालय बन्द गर्न सक्नेछा |

(७) पुस्तकालय सम्बन्धि अरु व्यवस्था तोकिए बमोजिम हुनेछ।

६४. नियम बनाउने अधिकारः

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले नियमावली, निर्देशिका र कार्यविधि बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपर्नेगरी सो नियमद्वारा खास गरी देहायका कुराहरूको व्यवस्था हुन सक्नेछः–

(क) विद्यालयको झण्डा, चिन्ह र प्रार्थना,

(ख) विद्यार्थीलाई लाग्ने शुल्क र सो असुल गर्ने तरिका,

(ग) विद्यालयलाई दिइने अनुदान,

(घ) विद्यालयको परीक्षा,

(ङ) विद्यालयको अतिरिक्त कार्यकलाप र कार्यक्रमको निर्धारण,

(च) विद्यालयका शिक्षक तथा कर्मचारीको शपथग्रहण सम्बन्धी,

(छ) विद्यालयमा विद्यार्थी भर्ना गर्ने तरिका र विद्यार्थीहरूको सङ्ख्या,

(ज) विद्यालयको सम्पत्तिको सुरक्षा,

(झ) विद्यालयको छात्रावास चलाउने,

(ञ) विद्यालयको आय– व्ययको जाँच,

(ट) विद्यालयको किताब, बही र अन्य कागजात तयार गर्ने र राख्ने तरिका,

(ठ) विद्यालयको पाठ्यक्रम, पाठ्यपुस्तक तथा सन्दर्भ सामाग्री,

(ड) शिक्षक तथा विद्यार्थीहरूको आचारसंहिता,

(ढ) विद्यालयको पुस्तकालय र वाचनालय,

(ण) सह– शिक्षा,

(त) शिक्षण तथा विद्यालय व्यवस्थापन समिति गठन र तालिम,

(थ) प्रधानाध्यापकको नियुक्तिका लागि आवश्यक पर्ने योग्यता, काम, कर्तव्य  र अधिकार तथा सुविधा,

(द) विद्यालयका शिक्षकहरूको सेवा शर्तसम्बन्धी,

(ध) विद्यालयका शिक्षकहरूको अध्यापन अनुमतिपत्र, परिचयपत्र र चिन्ह,

(न) विशेष शिक्षा,

(प) अनौपचारिक शिक्षा,

(फ) दूर– शिक्षा तथा खुला शिक्षा,

(ब) विद्यार्थी सल्लाह, परामर्श तथा निर्देशन सेवा, .

(भ) अन्य आवश्यक कुराहरू,

(म) करार शिक्षक,कर्मचारी नियुक्ति सम्बन्धमा

(य) संस्थागत विद्यालय सम्बन्धी,

(र) कोचिङ क्लास, भाषा– शिक्षण कक्षा र निजी क्षेत्रमा सञ्चालित शिक्षक प्रशिक्षण कक्षा सम्बन्धी,

(ल) संस्थागत विद्यालयले उपलब्ध गराउनु पर्ने छात्रवृत्ति सम्बन्धी

(व) विद्यालय अनुगमन तथा सुपरीवेक्षण

(श) सार्वजनिक पुस्तकालय संचालन तथा व्यवस्थापन

६५. बाधा अड्काउ फुकाउने अधिकारः यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउने निर्णय गरी स्थानीय राजपत्रमा सूचना प्रकाशित गर्नुपर्नेछ र सूचनालाई यसै ऐनको अङ्ग मानिनेछ ।

६६. बचाउ र लागू नहुनेः

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।

(३) संघीय र प्रदेश कानुनसँग बाझिएको कुराहरू बाँझिएको हदसम्म अमान्य हुनेछ ।